# घोराही उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# ५ नं प्रदेश, दाङ

## बेवारिसे कवाड ट्रिपरहरु उपर हकदाबी गर्न आउने बारेको सूचना

**<u>प्रकाशित मितिः- २०७६।१०।०६</u>**

प्रस्तुत सम्बन्धमा घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको मिति २०७६।०९।०६ वैठक नं ७१ को निर्णय नं १२ बाट घोराही उपमहानगरपालिका वडा नं १४,१५ र १७ मा तपशिलका क्षेत्रमा वेवारिसे अवस्थामा रहेका ट्रिपरहरुका कारणले आम नागरिकहरुले जग्गा भोग गर्न नपाएको र शहरी सौन्दर्यतामा समेत प्रतिकूलता ल्याएकोले उक्त ट्रिपरहरुको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने र सो अवधिमा हकदाबी नपरेमा लिलाम प्रकृया अगाडि बढाउने भनी निर्णय भएकोले सोही बमोजिम कवाड ट्रिपरहरु कूनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न आउनुहुन अनुरोध छ, अन्यथा लिलाम प्रकृया अगाडि बढ्ने व्यहोरा जानकारी गराइन्छ ।

**<u>तपशिल</u>**

१. घोराही - १४ स्थित घोराही लमही राजमागर्बाट गोरखा बोर्डिङ जाने बाटो अगाडि रहेका २ वटा ट्रिपर ।
२. घोराही - १७ मा रहेको घोराही लमही राजमार्ग नजिक निखिल पेट्रोल पम्प अगाडि रहेको १ वटा ट्रिपर ।
३. घोराही -१७, भैसाही घोराही लमही राजमार्गबाट करिब १५० मि दक्षिण मा रहेका २ वटा ट्रिपर।